प्रमुख सचिव

अनुसूची- १

कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर

आर्थिक बर्ष २०८२/०८३ को बजेट व्यवस्थापन सम्बन्धी प्रतिवेदन

निमित्त प्रदेश सचिव

१. पृष्ठभूमि

आर्थिक बर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कोशी प्रदेश सभावाट पारित भई हाल कार्यान्वयनमा रहेको छ। यसै बिचमा मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जेड (Gen-Z) आन्दोलन तथा विरोध प्रदर्शनबाट पुरै देश प्रभावित भएको स्थिति छ । आन्दोलनबाट कोशी प्रदेशमा विशेष गरी सरकारी संरचना, सवारी साधन तथा अन्य भौतिक संरचनामा आगजनी, तोडफोड तथा लुटपाटबाट व्यापक क्षति पुगेको छ। यसैगरी बि.सं २०८२ असोज १८ गते देखि ऐ २० गतेसम्म परेको अविरल बर्षाका कारण कोशी प्रदेशका विभिन्न स्थानहरूमा गएको बाढी तथा पहिरोले गर्दा मानवजन्य, पशुजन्य एवम् भौतिक संरचनाहरूमा थप क्षति पुऱ्याएको अवस्था छ।

कोशी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन गर्दा यस्तो किसिमको आकस्मिकताको परिकल्पना नगरिएको र नियमित अवस्थामा प्रदेश सरकारलाई प्राप्त हुने स्रोतबाट प्रदेशको शासन, विकास र सेवा प्रवाह सञ्चालनका लागि बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिएकोमा हाल आएर, एकातिर आन्दोलनबाट भएको क्षतिले गर्दा प्रदेशको आन्तरिक राजस्वमा कमी हुने स्थिति छ, भने अर्कोतिर क्षतिको पुननिर्माणका लागि थप दायित्व सिर्जना भएको अबस्था छ।

आन्दोलन र प्राकृतिक विपदबाट कोशी प्रदेशका भौतिक संरचना तथा सरकारी सम्पत्तिमा पुगेको क्षतिको सामनाबाट उन्मुक्ति प्राप्त गर्न तथा प्रदेशको संरचना र भौतिक अवस्थालाई सुदृढ बनाउन चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रममा प्रक्षेपण गरिएको राजस्वको अनुमान र सो वाट हुने प्राप्ति अनुसार नै व्यवस्थापन गर्नुपर्ने हुन्छ। कोशी प्रदेशको बजेटको मुख्य हिस्सा संघीय अनुदान नै रहेको छ र हालको विषम परिस्थितिमा सङ्घमा उठ्ने राजस्वमा समेत कमी आई प्रदेशलाई प्राप्त हुने अनुदानमा समेत केही कटौती हुनसक्ने देखिन्छ। त्यसैगरी प्रदेशको राजश्व प्राप्तिमा पनि केही संकुचन हुने भएकोले आन्तरिक श्रोतमा पनि कमी आउने देखिन्छ। आय अनुसारको खर्च व्यवस्थापन अपरिहार्य भएकाले चालु बजेटबाट खर्च कटौति गरी बजेट व्यवस्थापन गर्न कोशी प्रदेश सरकारको मिति २०८२।०६।०२ को मन्त्रिपरिषद्को बैठकको निर्णय बमोजिम पुनर्निर्माणका लागि स्रोत व्यवस्थापन गर्न र आय प्राप्तिमा हुने संकुचनको अवस्था मध्यनजर गर्दै खर्च कटौतिका सम्बन्धमा प्रतिवेदन तयार गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई जिम्मेवारी दिइएकाले यो प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनमा स्रोत प्राप्तिको बिश्लेषण र आयको संशोधित अनुमान प्रस्तुत गरिएको छ। यसैगरी पारिश्रमिक, पानी, बिजुली लगायतका अनिवार्य दायित्व, स्थानीय तहलाई हस्तान्तरण गरिएको वित्तीय अनुदान लगायतका प्रतिवद्ध दायित्व, स्रोत सहमति प्राप्त बहुवर्षीय आयोजनाहरू, जनताका मौलिक हकसँग सम्बन्धित खानेपानी, स्वास्थ्य, शिक्षासँग प्रत्यक्ष जोडिएका बिषय बाहेकबाट खर्च कटैती गर्न

प्रमुख सचिव

निमित्त प्रदेश सचिव

सकिने सम्भावित शीर्षकहरूको पहिचान गरिएको छ। संघीय अर्थ मन्त्रालयको विकास आयोजनाको पुनः प्राथमिकीकरण, अनुत्पादक खर्च कटौति र मितव्ययीता कायम गर्ने सम्बन्ध भएको परिपत्रलाई समेत आधार मानेर सुझावहरू प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमा प्रदेश स्रोत भन्नाले १. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(LMBIS) नगद (आन्तरिक श्रोत) र २. वित्तीय समानीकरण भनेर संकेत गरेको स्रोतलाई बुझ्नुपर्छ जसको विस्तृत विवरण तालिका नं १.१ मा प्रस्तुत गरिएको छ।

२. आयको विश्लेषण

कोशी प्रदेशको आर्थिक बर्ष २०८२/०८३ को कूल आयको अनुमान रू ३५ अर्ब ८७ करोड ९९ लाख मात्र रहेको छ जसमा स्रोतको विवरणको सारांश तल तालिका नं १.१ मा प्रस्तुत गरिएको छ।

तालिका १.१: कोशी प्रदेशको आर्थिक बर्ष २०८२/०८३ को आय अनुमानको सारंश

क.सं	स्रोत	(रकम रू हजारमा)
१	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	९०४९०८०
२	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	३३४६९२०
३	समानिकरण अनुदान	८९८३४००
४	शसर्त अनुदान	४५७१०००
५	विशेष अनुदान	५५७२००
६	समपूरक अनुदान	३९१७००
७	बाँडफाँड भई प्राप्त हुने रोयल्टी	३५०६००
८	प्रदेशको आन्तरिक श्रोत	५५०००००
९	नगद मौज्दात	३१३००००
१०	आय अनुमान जम्मा	३५८७९९००
	प्रदेश स्रोततर्फको जम्मा (१०-४-५-६)	३०३६००००

माथि उल्लिखित तालिकामा प्रस्तुत भएको स्रोतमध्ये सशर्त, समपूरक र विशेष अनुदान बाहेकको प्रदेशको बजेटको हिस्सा जम्मा रू ३० अर्ब ३६ करोड रहेको देखिन्छ। यस प्रतिवेदनमा आयको संशोधित अनुमान गर्ने प्रयोजनका लागि यसै स्रोतको हिस्सालाई मात्र आधार लिइएको छ, जसलाई प्रदेश स्रोत भनेर उल्लेख गरिएको छ।

प्रमुख सचिव

निमित्त प्रदेश सचिव

३. आयमा संकुचन हुने आधार

आय प्राप्तिको प्रतिशत तयार गर्न देहायका आधारहरूलाई लिइएको छ।

१. बाँडफाँटबाट प्राप्त हुने रोयल्टी र नगद मौज्दात प्रदेश संचित कोषमा दाखिला भइसकेकोले शतप्रतिशत प्राप्ति।

२. संघीय सरकारबाट प्राप्त भएको राजश्व बाँडफाँडको यथार्थ प्राप्तिको विगतको विवरण।

३. प्रदेशको आन्तरिक आयको मुख्य हिस्सा रहेको सवारी चालक अनुमति पत्र, सवारी दर्ता, सवारी साधन कर, घर जग्गा रजिष्ट्रेसन शुल्क संकलन गर्ने संरचनाहरू जस्तै मालपोत कार्यालय, यातायात कार्यालयहरू र सोसँग सम्बन्धित प्रणालीमा क्षति भएको र पुनर्निर्माण गरी सुचारू गर्न समय लाग्ने देखिएको।

४. समानीकरण अनुदान राजस्व संकलनको आधारमा संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने व्यवस्था ।

माथि उल्लिखित तथ्यहरुका आधारमा स्रोतमा कटौति हुने अनुमानित प्रतिशत तालिका नं १.२ मा प्रस्तुत गरिएको छ।

तालिका १.२ स्रोतमा अनुमानित कटौति प्रतिशत

क्र.सं	स्रोत	अनुमानित कटौती
१	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	२०%
२	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	२०%
३	समानीकरण अनुदान	२५%
७	बाँडफाँड भई प्राप्त हुने रोयल्टी	०%
८	प्रदेश श्रोत	५०%
९	नगद मौज्दात	०%
	जम्मा	२५%

प्रमुख सचिव

निमित्त प्रदेश सचिव

आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

प्रमुख सचिव

तालिका १.३ आर्थिक बर्ष २०८२/०८३ को आयको संशोधित अनुमान

क.सं	स्रोत	आय रकम रू हजारमा	अनुमानित प्राप्ति
१	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९०४९०८०	७२३९२६४
२	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	३३४६९२०	२६७७५३६
३	समानिकरण अनुदान	८९८३४००	६७३७५५०
७	बाँडफाँड भई प्राप्त हुने रोयल्टी	३५०६००	३५००००
८	प्रदेशको आन्तरिक श्रोत	५५०००००	२७५००००
९	नगद मौज्दात	३१३००००	३१३००००
	जम्मा	३०३६००००	२२८८४३५०

माथि तालिका १.३ मा प्रस्तुत अनुमानित प्राप्ति तालिका १.२ मा उल्लेख भए बमोजिमको अनुमानित प्रतिशतलाई आधार लिएर गरिएको हो । जसमा प्रदेश स्रोततर्फको आयमा ५०% न्यून हुने, सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान २५% न्यून हुने र राजश्व बाँडफाँडमा २०% ले कमी हुने अनुमान गरिएको छ। यसरी आयको अवस्था हेर्दा सशर्त, समपूरक र बिशेष अनुदान बाहेकका क्रियाकलापहरूमा विनियोजित कुल बजेट रू ३० अर्ब ३६ करोड लाई २२ अर्ब ८८ करोड ४३ लाख ५० हजार मात्र भित्र संकुचन गर्नु पर्ने देखिन्छ। यो अंक सङ्घीय अनुदानका क्रियाकलापहरू बाहेक कूल बजेटको हिस्साको २५% कम हो। यसरी हेर्दा प्राप्तिको आधारमा खर्चलाई २५% ले कटैती गर्नु पर्ने देखिन्छ र यो अंक जम्मा रू ७४७५६५० (सात अर्ब ४७ करोड ५६ लाख ५० हजार) हुने देखिन्छ।

४. व्ययको बिश्लेषण

कोशी प्रदेशको आर्थिक बर्ष २०८२/०८३ को कूल व्ययको अनुमान रू ३५ अर्ब ८७ करोड ९९ लाख मात्र रहेको छ। उक्त व्ययको अनुमानमा तालिका नं २.१ मा स्थानीय तहमा हस्तान्तरण

निमित्त प्रदेश सचिव

गरिएको अनुदानको विवरण प्रस्तुत गरिएको छ। यसैगरी तालिका नं २.२ मा अर्थ विविधको रकमको विवरण समावेश गरिएको छ।

प्रमुख सचि

तालिका २.१:स्थानीय तहमा हस्तान्तरण गरिएको अनुदानको सारांश

क.सं	अनुदानको प्रकार	रकम रू हजारमा
१	समानीकरण अनुदान	१५०००००
२	सशर्त अनुदान	१६०७२६४
३	समपूरक अनुदान	१६०००००
	जम्मा	४७०७२६४

तालिका २.२: अर्थ विविधको सारांश

क.सं	विवरण	रकम रू हजारमा
१	अर्थ विविध (६०१ र ६०२)	१०३९०००
२	कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा	६००००
	जम्मा	१०९९०००

तालिका २.३: खर्च कटौति गर्न सकिने रकम (संघीय सशर्त समपुरक र विशेष अनुदान बाहेक)

क.सं	विवरण	रकम रू हजारमा
१	प्रदेश स्रोत तर्फको	३०३६००००
२	अनुदान संकेत ६०१ र ६०२	१०९९०००
३	स्थानीयलाई अनुदान (८०१)	४७०७२६४
	जम्मा(१-२-३)	२४५५३७३६

निमित्त प्रदेश सचिव

माथिको तालिकाको विवरण अनुसार कूल रू २४,५५,३७,३६-/ मध्येबाट रू ७,४७,५६,५०-/ खर्च कटौती गर्नुपर्ने देखिन्छ। यसरी खर्च कटौती गर्दा अनुदान संकेत नं ६०१, ६०२ र ८०१ मा विनियोजित क्रियाकलापहरू यथावत राख्नुपर्छ।

प्रमुख सचिव

निमित्त प्रदेश सचिव

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

५. बजेट व्यवस्थापनका लागि प्रस्तावित सुझावहरू

१. अनिवार्य दायित्वका पारिश्रमिक, पोशाक, पानी तथा बिजुली लगायतका खर्च शीर्षकहरूमा विनियोजित क्रियाकलाप बाहेकबाट व्यवस्थापन गर्नुपर्ने।

२. खर्च कटौतिका लागि देहायका खर्च शीर्षकमा विनियोजित क्रियाकलापहरूलाई प्राथमिकता दिई निम्नलिखित सुझावका आधारमा कम्तीमा २५% खर्च व्यवस्थापन गर्नुपर्ने।

क.सं	खर्च उपशीर्षक
१.	२११३४ (कर्मचारी बैठक भत्ता)
२.	२११४१ (पदाधिकारी बैठक भत्ता)
३.	२२२११ (इन्धन (पदाधिकारी))
४.	२२२१२ (इन्धन (कार्यालय प्रयोजन))
५.	२२२१३ (सवारी साधन मर्मत खर्च)
६.	२२२२१ (मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च)
७.	२२२९१ (अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च)
८.	२२३११ (मसलन्द तथा कार्यालय सामाग्री)
९.	२२३१५ (पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च)
१०.	२२२३१ (निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च)
११.	२२४११ (सेवा र परामर्श)
१२.	२२५११ (कर्मचारी तालिम खर्च)
१३.	२२५१२ (सीप बिकास तथा जनचेतना, गोष्ठि खर्च)
१४.	२२५२२ (कार्यक्रम खर्च)
१५.	२२५२९ (विविध कार्यक्रम खर्च)
१६.	२२६११ (अनुगमन, मूल्याङ्कन खर्च)
१७.	२२६१२ (भ्रमण खर्च)
१८.	२२७११ (विविध खर्च)
१९.	२८१४२ (घर भाडा)
२०.	३११२१ (सवारी साधन)
२१.	३११२२ (मेशिनरी औजार उपकरण खरिद)
२२.	३१११५ (फर्निचर तथा फिक्सचर्स)

निमित्त प्रदेश सचिव

आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

प्रमुख सचिव

२३.	३११३२ (कम्प्युटर सफ्टवेयर खरिद)
२४.	३१४११ (जग्गा प्राप्ती)
२५.	३११५९(अन्य सार्वजनिक निर्माण)
२६.	३११३४(कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च)
२७.	३१११२(गैर आवासीय भवन निर्माण/खरिद)
२८.	३११६१(निर्मित भवनको संरचनात्मक सुधार खर्च)
२९.	३११३५(पूँजीगत परामर्श खर्च)
३०.	३११२३(फर्निचर तथा फिक्चर्स)
३१.	३११५१ (सडक तथा पूल निर्माण)
३२.	३११११ (आवासीय भवन निर्माण/खरिद)
३३.	३१११२ (गैर आवासीय भवन निर्माण/खरिद)
३४.	३११३२ (अनसुन्धान तथा विकास सम्बन्धी खर्च)
३५.	३११३५ (पूँजीगत परामर्श खर्च)
३६.	३११५३ (विद्युत संरचना निर्माण)
३७.	३११५४ (तटबन्ध तथा बाँध निर्माण)
३८.	३११५५ (सिंचाई संरचना निर्माण)
३९.	३११५६ (खानेपानी संरचना निर्माण)
४०.	३११५७ (वन तथा वातावरण संरक्षण)
४१.	३११५८ (सरसफाई संरचना निर्माण)
४२.	३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च)
४३.	३११७१ (पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण)
४४.	३१५११ (भैपरी आउने पूँजीगत)
४५.	३२१५२ (अन्य संस्थामा शेयर लगानी)

- प्रदेश सरकार अन्तर्गतका निकायबाट एकभन्दा बढी निकायबाट कार्यान्वयन हुने गरी अवण्डा राखिएको बजेट/क्रियाकलाप कार्यान्वयन नगर्ने।
- मन्त्रालय वा अन्तर्गतका निकायको बजेट शीर्षकमा बजेट विनियोजन भएतापनि मन्त्रालयको उद्धेश्य वा कार्यक्षेत्रभन्दा बाहिरका विषयमा विनियोजित बजेट कार्यान्वयन नगर्ने।

निमित्त प्रदेश सचिव

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा दोहोरो प्रविष्टी भएका आयोजना/कार्यक्रम मध्ये कुनै एउटा मात्र कार्यान्वयन गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन (DPR), अध्ययन, अनुसन्धान, सर्वेक्षण लगायतका विनियोजित बजेट अत्यावश्यक बाहेक कार्यान्वयन नगर्ने।
- चालु आर्थिक वर्षमा नयाँ प्रविष्टि गरेका आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने।
- निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई ३ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।
- सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने।
- विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम नगराउने।
- विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।
- कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री न्यूनतम सङ्ख्यामा भन्दा बढी खरिद नगर्ने।
- स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने।
- अन्तरप्रदेश भ्रमण, अध्ययन अवलोकन भ्रमण, अनुभव आदान-प्रदान भ्रमण जस्ता कार्यक्रम/क्रियाकलाप कार्यान्वयन नगर्ने।
- मन्त्रालय तथा कार्यालयहरूमा रहेको विवध खर्च तथा अतिथी सत्कार जस्ता कार्यक्रम कार्यान्वयन गर्दा मितव्ययीता अपनाउने।
- सूचना प्रकाशन तथा छपाई (पर्चा, पम्प्लेट, ब्रोसर, शुभकामना सन्देश, उपहारजन्य सामाग्री, भिडियो डकुमेन्ट्री, हातेपुस्तिका, डायरी, विज्ञापन (अत्यावश्यक बाहेक) लगायत कार्यको छपाई, प्रकाशन) नगर्ने।
- चालु आ.व.मा विनियोजन भएको विभिन्न सभा/सम्मेलन/महोत्सव/खेलकुद महोत्सव समेतका आयोजना/क्रियाकलाप हाललाई कार्यान्वयन नगर्ने।
- सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने।
- अत्यावश्यकमा बाहेक सवारी साधन खरिद नगर्ने।
- सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने।
- अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरूजु तुरुन्त असुल उपर गर्ने।

निमित्त प्रदेश सचिव

- प्रदेशका कर्मचारीका लागि स्थानीय उत्पादनका आधारित पोशाक खर्च र पर्यटन प्रवर्द्धनका लागि कर्मचारी भ्रमण प्रोत्साहन कार्यक्रम कार्यान्वयन नगर्ने।
- पूर्वाधार तर्फको आयोजनाहरू कार्यान्वयन गर्दा अनिवार्य E-Bidding को माध्यमबाट गर्ने।
- सम्पन्न भै सकेका आयोजनामा विनियोजन भएका, पुर्वतयारी नपुगेका, जग्गा विवाद भएका, आयोजना/ कार्यक्रम हाललाई कार्यान्वयन नगर्ने
- उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा गर्ने गराउने।

प्रमुख सचिव

निमित्त प्रदेश सचिव